म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २११ बुधबार १ फागुन २०७९ ने. सं. ११४३ चिल्लागा 15 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पानी माग्दै पालुङमा लगाइयो पूजा

हेटौंडा, ३० फागुन/लामो समयदेखि हिउँदे बर्षा नहुँदा कृषि उत्पादनमै समस्या हुने देखिएपछि जिल्लाको उत्तरी क्षेत्रस्थित पालुङमा पानी माग्दै पूजा लगाइएको छ । थाहा नगरपालिका वडा नम्बर-२, स्थित पाथीभरा लक्ष्मीश्वरी मन्दिरमा जलधारा पूजा लगाइएको हो । स्थानीयले मन्दिरमा पानी माग्दै पूजा लगाएका हुन् । लामो समयसम्मको खडेरी टार्न ब्राम्हणद्वारा होमसहित जलधारा पूजा लगाइएको मन्दिर संरक्षण समितिका अध्यक्ष माधव कार्कीले बताए । पाथीभरामा जलधारा पूजा लगाएपछि वर्षा हुने धार्मिक विश्वास छ । स्थानीयले पाथीभरा महादेव र पालुङका नेवार समुदायले यस मन्दिरलाई लक्ष्मीश्वरी महादेवका रुपमा पुज्ने गर्दछन् । विगतमा पनि पाथीभरालक्ष्मीश्वरी मन्दिरमा आकाशे पानी माग्दै पूजा लगाउने गरिएको थियो । यसवर्ष लामो समयदेखि पानी परेको छैन । लामो समयसम्म हिउँदे वर्षा नभएपछि पालुङमा हिउँदेबालीलगायत तरकारी खेती नफस्टाउने भएकाले किसान चिन्तित भएका छन् । यसवर्ष खडेरीका कारण जिल्लामै गहुँ, जौ, मुसुरो, हिउँदे तरकारीको उत्पादनमा निकै कमी हुने अनुमान गरिएको छ । बाँकी पृष्ठ-४....

# डढेलो नियन्त्रण अभियानमै सीमित, कमजोर पूर्वतयारी

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हावाहुरीको मौसम सुरु भएसँगै वन क्षेत्रमा डढेलो लाग्न थालेको छ । वर्षेनी डढेलोले ठूलो मात्रामा वनको क्षति हुने गरेको छ । डढेलो नियन्त्रणका विभिन्न प्रयास भए पनि वनमा आगलागी भने रोकिन सकेको छैन । यो बर्ष हिउँदे बर्षा नभएकै कारण वनजंगलमा बढी डढेलो लाग्ने सम्भावना रहेको छ ।



वर्षेनी गर्मीयाममा वनमा डढेलो लाग्ने क्रम घट्नुको साटो बढ्दै गएको देखिन्छ । चैत सुरु भएसँगै सुक्खा बढ्ने हुनाले प्रत्येक वर्ष वन-जंगलमा डढेलोका घटना बढ्ने गरेका छन् । डढेलोका कारण मकवानपुरमा चिरान काठसहित खानेपानी पाइपदेखि धेरै सम्पत्तिको क्षति, जंगली जनावरको मृत्यु हुने गरेको छ ।

गत आर्थिक वर्षमा जिल्लाका थुप्रै सामुदायिक वन क्षेत्रमा लागेको डढेलोबाट धेरै क्षति पुगेको थियो । मकवानपुरमा मात्रै होइन बागमती प्रदेशका १३ जिल्लासहित देशैभरि सुक्खायाममा लाग्ने वन डढेलोले रुख तथा बोटविरुवा, जंगली जनावरको विनाश हुनुका साथै वातावरण पनि प्रदूषित हुने गरेको छ । गैरकानुनी रुपमा वनपैदावारको क्षति हुनेगरी डढेलो लगाएको पाइएपछि हेटौंडामा ३ जनालाई गत साता जरिवाना तिराइएको छ । हेटौंडामा सामुदायिक वन उपभोक्ता समूहको वनपैदावारको क्षति हुनेगरी डढेलो लगाएर भागेका तीन जनालाई नियन्त्रणमा लिई जरिवाना तिराइएको हो । जंगलमा डढेलो लगाएकै कारण जरिवाना तिराइएको घटना यो पहिलो हुनसक्छ । हेटौंडा-१९ नेवारपानीस्थित कालिका हरियाली सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा तीन जनाले डढेलो लगाएका थिए ।

डढेलो लगाएर भागेको पाइएपछि डिभिजन वन कार्यालय राप्ती मनहरी र इलाका प्रहरी कार्यालय नेवारपानीको समन्वयमा उनीहरुलाई वन समूहको कार्यालयमा झिकाई ९० हजार जरिबाना तिराइएको हो । वनमा आगजनी गर्ने र डढेलो लगाउनेलाई यसपटक सख्त कारबाही गर्ने र डढेलो नियन्त्रणमा जनसहभागिताको विकास गर्ने नीति डिभिजन वन कार्यालय राप्ती मनहरीले लिएको छ ।

मकवानपुरमा डढेलो लगाउनेलाई जरिवाना तिराइएको घटना कमै हुने गरेका छन् । डढेलोबाट काठ मात्र हैन, गत आर्थिक वर्षमा हेटौंडा उपमहानरगरपालिका-१, भैरवडाँडास्थित जंगलमा डढेलो लाग्दा खानेपानीको पाइप जलेर नष्ट भएको थियो । पाइप जल्दा स्थानीयले लामो समयसम्म खानेपानी खान पाएका थिएनन् । तर, स्थानीयले दु:ख मात्रै पाए, दोषी उम्किए । डिभिजन वनले धेरै वर्षदेखि डढेलो लगाउनेको पहिचान समेत गर्न सकेको छैन भने दोषीमाथि कारबाही हुने सम्भावना न्यून छ ।

डिभिजन वनका सूचना अधिकारी सहायक वन अधिकृत दिपक अधिकारीले डढेलो नियन्त्रण र रोकथामका लागि समुदायस्तरमा जनचेतना जगाउने काम मात्रै भएको बताएका छन् । मकवानपुरमा लागेका अधिकांश डढेलो 'नियोजित' भएको अधिकारीले बताए । प्राकृतिक कारणले वनमा डढेलो लाग्ने घटना ज्यादै न्यून रहेको अधिकारीको भनाइ छ ।

अधिकारीका अनुसार डढेलो लगाउने पक्राउ नपर्दा र कारबाही हुन नसक्दा पनि यसलाई नियन्त्रण र रोकथाम गर्न सकिएको छैन । डढेलो लगाउनेलाई ६० हजार रुपैयाँ जरिवाना, तीन वर्ष जेल सजाय वा दुवै हुन सक्ने कानुनी प्रावधान छ । उनले डढेलो लगाउनेको पहिचान हुन नसकेको र पहिचान भएमा प्रमाण पुग्न नसक्ने भएकाले दोषी उम्किँदै आइरहेको स्वीकारे ।

हावाहुरीको मौसम सुरु भएसँगै चैत महिनाबाट वन क्षेत्रमा डढेलो लाग्ने क्रम विस्तारै बढ्ने निश्चित छ । हरेक वर्ष मकवानपुरका वन क्षेत्रमा डढेलो लाग्ने गरेका छन् । सुख्खा यामसँगै जिल्लास्थित हेटौंडा उपमहानगरपालिका, बकैया, बागमती, मकवानपुरगढी, भीमफेदी लगायतको स्थानीय तहका वन-जंगलमा डढेलो लाग्ने क्रम बढ्ने आकंलन डिभिजन वन कार्यालय मकवानपुरको छ ।

विगतका वर्षमा भीमफेदी गाउँपालिकामा मात्रै ११ वटा सामुदायिक वन क्षेत्रमा डढेलो लागेको थियो । जसबाट ३ सय ६ हेक्टर क्षेत्रफलमा क्षति पुगेको डिभिजन वन मकवानपुरले जानकारी दिएको छ । मकवानपुर गढीको १९ वटा सामुदायिक वन क्षेत्रमा लागेको डढेलोबाट ४ सय ७६ हेक्टर क्षेत्रफलमा क्षति पुगेको थियो । हेटौंडा उपमहानगरपालिकाको २९ वटा सामुदायिक वन क्षेत्रमा लागेको डढेलोबाट दुई हजार ६ सय १२ हेक्टर क्षेत्रफलमा क्षति पुगेको अधिकारीले जानकारी दिए । विगतमा जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकाको ३० वटा सामुदायिक वनमा लागेको डढेलोबाट एक हजार ६ सय २० हेक्टर क्षेत्रफलमा क्षति र सब-डिभिजन वन कार्यालय छतिवन अन्तर्गत् ६ सय ४३ थानको सात हजार १ सय ४० क्यूफिट काठमा डेढेलोका कारण आगलागी हुँदा नोक्सानी भएको कार्यालयले जनाएको छ ।

डढेलोको नियन्त्रण र रोकथाममा पनि डिभिजन तथा सव डिभिजन वन कार्यालयहरु सधैं असफल हुँदै आएका छन् । डिभिजन वन मकवानपुरले हरेक वर्ष सचेतना कार्यक्रम चलाए पनि नियन्त्रण हुन नसकेको कार्यालयका सूचना अधिकारी अधिकारी स्वीकार्छन् । अधिकारीका अनुसार अभियान नै चलाएर पनि सचेतना जगाउने कार्य डिभिजनले गरेको छ । सुक्खायाम सुरु भएसँगै प्रदेशको विभिन्न जिल्लामा रहेको वन क्षेत्रमा डढेलो लाग्न थालेको बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले जनाएको छ । बागमती प्रदेशको कुल क्षेत्रफलको ५९ दशमलव २७ प्रतिशत अर्थात् १२ लाख ४३ हजार ८ सय ४४ हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ । राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र समेत रहेको बागमती प्रदेशका यी वन जंगलमा लोपोन्मुख जंगली जनावर पनि डढेलोका कारण संकटमा परिरहेका छन् । वनमा लाग्ने डढेलोले रुख तथा वोटविरुवाको मात्रै क्षति हुँदैन लोपोन्मुख जंगली जनावरको पनि क्षति हुने गरेको छ ।

वातावरण प्रदूषणले सास फेर्ने समस्या मात्रै होइन गम्भीर प्रकारका रोग समेत लाग्ने गर्दछ । तर, गम्भीर समस्याको रुपमा वर्षेनि निम्तने वन डढेलो नियन्त्रणका लागि मकवानपुरका सरोकारवाला निकाय र बागमती प्रदेश सरकारले ठोस रुपमा पूर्वतयारी गरेको पाइँदैन । सुक्खायाम लागेर वन डढेलो समेत सुरु भइसक्दा समेत डढेलो नियन्त्रणका लागि प्रदेश सरकारको आवश्यक पूर्वतयारी कमजोर देखिँदै आएको छ ।

## हेटौंडामा बैंकविरुद्धको आन्दोलन सकियो

हेटौंडा, ३० फागुन/ मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा विगत सात दिनदेखि जारी बैंकविरुद्धको आन्दोलन तत्काललाई समापन भएको छ ।

चर्को बैंक व्याजविरुद्धको विरोध कार्यक्रम मंगलबार समापन भएको हो । २१ फागुनदेखि मउवासंघ, निर्माण व्यवसायी संघ, नारायणी यातायातलगायतका थुप्रै व्यवसायिक संघसंस्थाले आन्दोलन सुरु गरेका थिए । फागुन २४ गते बागमती प्रदेशभरका २८ वटा उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थितिमा हेटौंडामा विरोध र्‍यालीसहित बुद्धचोकमा विरोध सभा गरिएको थियो । उक्त सभालाई नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षद्वय अञ्जन श्रेष्ठ र दिनेश श्रेष्ठले सम्बोधन गर्दै चर्को बैंक व्याजको विरोध गरेका थिए । फागुन २५ गते हेटौंडाका विभिन्न बैंकहरुमा एक घण्टा धर्ना दिइएको थियो ।

फागुन २६ गते पनि हेटौंडाका विभिन्न बैंकहरुमा दुई घण्टा धर्ना दिइएको थियो । आन्दोलनको पाँचौ दिन अर्थात फागुन २८ गते बैंकमा नगद जम्मा नगर्न आह्वान सहित बैंकहरुमा धर्ना दिइएको थियो । फागुन २९ गते बैंकिङ कारोवार नगर्न आह्वान गर्दै विभिन्न बैंकहरुमा धर्ना दिइएको मउवा संघले जनाएको छ ।

बाँकी पृष्ठ-४...

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

## 'अल नेपाल नोभिस बक्सिङ' सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडामा मंगलबारबाट 'अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता' सुरु भएको छ । बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रतियोगिताको उद्घाटन गरेकी छन् ।



हेटौंडामा १२ वर्षपछि राष्ट्रियस्तर बक्सिङ प्रतियोगिता भएको हो । हेटौंडा-४, पारिजातपथस्थित नवनिर्मित कभर्ड हलमा भएको बक्सिङ प्रतियोगिता ४ चैतसम्म सञ्चालन हुनेछ । मकवानपुर जिल्ला बक्सिङ संघ र बागमती प्रदेश खेलकुद विकास परिषद्को संयुक्त आयोजनामा भएको प्रतियोगितामा २३ जिल्लाका १७ वर्षदेखि २१ वर्षसम्मका युवा खेलाडीको सहभागिता रहेको छ । प्रतियोगितामा २३ जिल्लाको ३७ क्लबका एकसय ७८ जना खेलाडीको सहभागिता रहेको हो ।

उद्घाटन खेलमा भएको ५४ केजी तौल समूहबीचको प्रतिस्पर्धामा अछामका नरसिं बुढा विजयी भए । उनले दमकका दिपक विश्वकर्मालाई पराजित गरेका छन् । मंगलबार विभिन्न केजी तौल समूहका २५ वटा खेल खेलाइएको आयोजकले जनाएको छ । प्रतियोगिताअन्तर्गत् पुरुषतर्फ नौ र महिलातर्फ सात वटा तौल समूहमा खेल सञ्चालन भइरहेको छ ।

प्रतियोगिताको उद्घाटन गर्दै सामाजिक विकासमन्त्री मोक्तानले प्रदेश खेलकुद विकास परिषद् बागमतीलाई राष्ट्रिय खेल हेटौंडामै आयोजना गर्न आग्रह गरिन् । उनले प्रदेशस्तरीय खेल प्रतियोगिता यसवर्ष हेटौंडामै आयोजना गर्न निर्देशन दिइन् ।

प्रदेश खेलकुद विकास परिषद बागमती प्रदेशका सदस्यसचिव सूर्यलाल भण्डारीले अल नेपाल नोभिस बक्सिङ प्रतियोगितालाई हरके वर्ष निरन्तरता दिने बताए । देश संघीय संरचनामा गएपछि नेपालको खेलकुद क्षेत्रको नतिजा सकारात्मक आउन थालेको उनको भनाई छ ।

उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडाका निवर्तमान मेयर हरिबहादुर महत, हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले, नेपाल बक्सिङ संघका महासचिव सविन भट्टचार्यलगायतको आतिथ्यता रहेको थियो ।

प्रतियोगितामा प्रत्येक तौल समूहका विजेता, उपविजेता र सेमिफाइनलमा पराजित हुने २ खेलाडीले क्रमश: दश हजार, पाँच हजार र तीन हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । यसैगरी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट महिला तथा पुरुष खेलाडी, उत्कृष्ट टिम, बेष्ट रेफ्री र बेष्ट लुजरलाई नगद ३ हजार रुपैयाँ प्रदान गरिने अध्यक्ष जोशीले बताए । बक्सिङका अन्तर्राष्ट्रिय खेलाडीसमेत रहेका हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरेले प्रत्येक खेलको म्यान अफ द म्याचलाई वडा कार्यालयको तर्फबाट ३ हजार रुपैयाँ उपलब्ध गराएका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# प्रदेश सिंहदरवार

बागमती प्रदेश सरकार गठन भएको छैटौं वर्ष बितेपछि बल्ल प्रादेशिक संरचना निर्माणको प्रक्रिया अगाडि बढेको छ । विगतमा प्रदेश राजधानी हेटौंडा अस्थायी हुँदा प्रादेशिक संरचना निर्माणमा चासो दिइएको थिएन । बागमतीमा सरकार गठन भएको चार वर्षपछि अघिल्लो कार्यकालका निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकार गठनपश्चात् प्रदेशको 'सिंहदरबार' बनाउन जग्गा छनोट गरिएको थियो । प्रदेश सरकारको प्रशासनिक भवन जग्गा पहिचान समिति बनाएर प्रादेशिक संरचना बनाउन हेटौंडाभित्र आठ ठाउँमा नयाँ जग्गाको खोजी गरिएको थियो । सिफारिस भएकामध्ये हालको हेटौंडा-१६ र १७ नम्बर वडामा पर्ने ५४ बिघा ११ कठ्ठा जग्गामा प्रदेशको 'सिंहदरबार' बन्ने पक्कापक्की भएको छ । हेटौंडा स्थायीरुपमा प्रदेशको राजधानी भएपछि प्रादेशिक संरचना निर्माणका सम्बन्धमा जनचासो बढेको थियो । तत्काल कुनै राजनीतिक निर्णय परिवर्तन नभएमा साविक हटिया गाविस-२, स्थित लक्ष्मीपुर चौरको कित्ता नम्बर १९६ को क्षेत्रफल ५४ बिगाहामा प्रदेशको 'सिंहदरबार' बन्नेछ । जसका लागि प्रदेश मन्त्रिपरिषद् बैठकले लक्ष्मीपुरचौरको जग्गाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) गर्ने निर्णय गरेको छ ।

भौतिक पूर्वाधारसहितका कुनैपनि संरचना निर्माण गर्दा त्यसले वातावरणमा पर्नसक्ने नकारात्मक प्रभावलाई मूल्याङ्कन गरी सम्भावित दुष्परिणाम नियन्त्रणका लागि आयोजना सुरु गर्नुअगाडि नै ईआइए गर्नुपर्ने कानुनी प्रावधान छ । ईआईए हाल १७ नम्बर वडा र खहरे पश्चिम १६ नम्बर वडाभित्र पर्ने जग्गामा गरिने भएको छ । संघीय सरकारले जग्गा स्वीकृति अगाडि जग्गाको ईआइए गर्न सुझाव दिएपछि मन्त्रिपरिषद्ले यो निर्णय गरेको हो । हुन त हटिया क्षेत्रमा प्रादेशिक संरचना बन्दा धेरै कुराले प्रभाव पार्न सक्छ । धरान-चतरा रोड, निर्माणाधीन निजगढ-काठमाडौं द्रुतमार्ग, कान्तिलोकपथ आदिले सडक संरचनाको प्रभावकारितालाई थप सहयोग गर्छ । त्यस्तै हेटौंडाको घनाबस्तीबाट अलिकति खुल्ला स्थानमा प्रादेशिक संरचना निर्माण गर्नु उपयुक्त पनि हो । प्रादेशिक संरचना निर्माण फाष्ट्र्याकबाट हुँदैछ । जसका लागि जग्गा स्वीकृतिका लागि ईआइए गर्नुपरेको र ईआइए भएपछि संरचनाहरु निर्माणको प्रक्रिया थप अगाडि बढ्छ । करिब ४२ महिना सरकार चलाएका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले संरचना बनाउन सकेका थिएनन् । पौडेलको पालामा ७ वटा मन्त्रालय भवनको डीपीआर बनेपनि सरकार परिवर्तन हुँदा काम बीचमै रोकिएको थियो । पाण्डे नेतृत्वको सरकार आएपछि भने प्रदेश 'सिंहदरबार' बजार क्षेत्रबाट पूर्वतर्फ हटिया पुगेको हो । हटियामा सरकारले मन्त्रालयहरु, आयोगका कार्यालयहरु, निर्देशनालय, विभाग तथा आवासगृह स्थापना गर्नेछ ।

यदि हटियामा प्रादेशिक संरचना बन्ने सम्भावनालाई प्राबिधिक रुपमा प्रभाव परिहालेको खण्डमा हेटौंडा-३ लेवटमा ८० बिगाह जग्गालाई पनि बिकल्पको रुपमा प्रदेश सरकारले लिएको छ । कुनै समय बसामाडीको पछाडि रहेको राप्ती नदीउकास जग्गामा बिमानस्थल निर्माण गर्ने हल्ला पनि चलाइएको थियो । राप्ती खोलाको बहावलाई तटबन्ध गरी औद्योगिक क्षेत्र स्थापना गर्ने हल्ला पनि चलाइएको थियो । प्रदेश सरकारले त्यही जमिनलाई प्रादेशिक मन्त्रालय निर्माण गर्ने स्थानको रुपमा बिकल्प दिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २ गते बिहीबार १६ मार्च २०२३ । नवमी चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:१५, सूर्यास्त ६:१२।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साथीभाइमा मनमुटाव हुनेछ | तुला | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| वृष | : नयाँ काम समय देखिन्छ | वृश्चिक | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| मिथुन | : अधुरा काम सम्पन्न हुनेछ | धनु | : सहयोग गर्ने भावना आउनेछ |
| कर्कट | : सवारी साधनबाट क्षति हुन सक्नेछ | मकर | : यात्राको लागि सुखद देखिन्छ |
| सिंह | : रिसाउने बानीले काम बिग्रनेछ | कुम्भ | : रमाइलोको समय रहेको छ |
| कन्या | : नोकरीबाट असन्तोष बढ्नेछ | मीन | : शरीरमा समस्या देखिन सक्नेछ |

# युवा देशमा टिकाउने अचूक उपाय स्याटलाइट क्याम्पस



प्रकृति मैनाली

'साक्षर हुनु नै शिक्षित हुनु हो' भन्ने भाष्य निर्माण भएको समाज हो यो । यहाँ वर्षेनि उत्पादन हुने साक्षर नागरिकसँग राज्यले गर्ने अपेक्षा र नागरिकले राज्यबाट गर्ने अपेक्षा नै अहिले युवा पुस्तामाझ उब्जिएको निराशाको कारण हो । देशले विकासको गति लिन नसकेको तीतो यथार्थ हामीसामु छँदैछ । युवापुस्ता बेरोजगार छन् तर देशभित्रका ठूल्ठूला कम्पनीहरू र नेपाली बजारमा सीपयुक्त मानव संसाधन नै भेटिंदैनन् । भएका पनि धेरै समय देशमा टिक्दैनन् । फलत: यहाँ बजार विस्तारमा चुनौती भोग्नु परेको अवस्था छ । अघिल्लो वर्षको तथ्यांकले नेपालमा वार्षिक ८ लाख जनशक्ति काम गर्न देशमा भित्रिएको देखाउँछ । यस्तो तथ्य पेश गरिराख्दा समाधान हुनसक्ने अहिलेको बजार, एकेडेमिया, सरकार र युवापुस्ताको समस्याको एक्लो समाधान देशभित्रै अन्तर्राष्ट्रियस्तरको शिक्षित युवा पुस्ता उत्पादन गर्नु नै हो ।

आजको शिक्षाले हामीलाई अक्षर चिन्न सक्ने र अंग्रेजी माध्यमको शिक्षाले अंग्रेजी बोल्न सक्ने त बनाएको छ तर के हाम्रो शिक्षाले हामीलाई प्रतिस्पर्धी बनाएको छ ? के हाम्रा पुरातन शैक्षिक पाठ्यक्रम विश्व शैक्षिक परिवेशसँग सापेक्षिक छन् ? बदलिंदो तीव्र प्रविधिको युगमा वर्तमान समयले माग गरेको सीप र शिक्षित मानव संसाधन के हामीले निर्माण गरेका छौं ? बजारले माग गरेको सीप के हाम्रा युवा पुस्तासँग छ ? अबको केही दशकको अन्तरालमा बजारले माग गर्ने जनशक्ति निर्माणमा के हामी रणनीतिक रूपमा तयार छौं ?

बजारको माग र पूर्तिबीच समायोजन नभएका उत्पादनहरू मूल्यहीन हुन्छन् । त्यसैले नेपाल अहिले साक्षर त छ तर शिक्षित भने छैन । हाम्रा पढेलेखेका डिग्रीधारी युवाहरू सस्तो श्रमिक बनेका नतिजा हामीसामु छ । हाम्रा अधिकांश घरेलु विश्वविद्यालयले आन्तरिक बजारमा समेत खपत हुन नसक्ने जनशक्ति उत्पादन गरिराख्दा अन्तर्राष्ट्रियकरण भएको अहिलेको भूमण्डलीकृत वैश्विक बजार नेपालको हकमा 'किन्ने बजार' मात्र भएको छ । जहाँ हामी केवल घाटाको व्यापार गरिराखेका छौं । जहाँ बेच्नका लागि हामीसँग केवल सस्ता श्रमिक मात्र छन् । त्रिभुवन विश्वविद्यालयमा ४० प्रतिशत हाराहारीमा मात्र विद्यार्थी भर्ना हुनु, अहिले भैरहेका विश्वविद्यालय र बजारको मागबीच तालमेल नहुनुको संकेत हो । प्राविधिक सीप सिकाउने सीटीईभीटी जस्ता संस्थाहरूमा सीप सिक्न जाँदा आठ पासले छनोट मूल्यांकनमा बढी अंक पाउँछ, तर बीए पास भएको युवाले कम अंक पाउँछ । त्यसैले आठ पासले सीप सिक्ने अवसर पाउने सम्भावना बढी हुन्छ । समानुपातिक र वैज्ञानिक आरक्षण दिएका छौं भनेर गर्व गर्ने हाम्रा सहानुभूतिक मानसिकताले बीए पास गरिसक्दा पनि युवा किन प्लम्बिङ्ग ट्रेनिङ लिन आइराखेको छ भनी प्रतिप्रश्न गर्दैनौं । शैक्षिक गुणस्तर, तिनका नतिजा बीचको सम्बन्धको समीक्षा गर्दैनौं । बीए पास गरिसक्दा पनि राज्यले दिने सीपको अवसरमा ८ पासबाट हरिनु पर्दा त्यो युवाको मनस्थितिप्रति संवेदनशील हुँदैनौं ।

### उदार भारतीय शैक्षिक नीति

केही महिना अगाडि मात्र छिमेकी देश भारतको विश्वविद्यालय अनुदान आयोगले देशमा क्याम्पस स्थापना गर्न विदेशी संस्थाहरूलाई आकर्षित गर्ने आफ्नो मनसाय घोषणा गरेको छ । शिक्षा प्रणालीभित्र नियामक र प्रशासनिक मुद्दाहरूलाई सम्बोधन गर्नुको सट्टा विश्वव्यापी मूल्याङ्कन वा आफ्नो देशमा मान्यता प्राप्त प्रतिष्ठित शीर्ष ५०० विश्व प्रसिद्ध विदेशी उच्च शिक्षा संस्थाहरूलाई लक्षित गर्दै नियम अनुसार त्यस्ता क्याम्पसहरूले भौतिक कक्षा सञ्चालन गर्न अनुमति दिनुपर्ने आशय विश्वविद्यालय अनुदान आयोगको छ ।

सन् २०२२ मा लगभग गुणस्तरीय शिक्षा र उद्यमशीलता प्रशिक्षणको खोजीमा ६.५ लाख भारतीयहरू विदेशी विश्वविद्यालयहरूमा भर्ना भएका छन् । उनीहरूको शिक्षाको वित्तपोषणको लागि भारु १३०० करोड भन्दा बढी देश बाहिर निकासी भएको देखिन्छ । त्यसैले विश्वविद्यालय अनुदान आयोगले यी विद्यार्थीलाई लक्षित गर्दै अन्तर्राष्ट्रिय विद्यार्थीलाई पनि आकर्षित गर्न चाहन्छ ।

भारतमा स्याटेलाइट क्याम्पस (विदेशी विश्वविद्यालयको शाखा क्याम्पस) स्थापना गर्न निमन्त्रणा गरेर उच्च शिक्षामा पहुँच सुधार गर्ने लक्ष्य भनेको देशभित्रै युवालाई अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय शिक्षा दिनु र प्रतिस्पर्धी बनाउनु हो । उत्कृष्ट स्याटलाइट क्याम्पस भारत भित्रिनुको मतलब तिनीसँगै दक्ष जनशक्ति उत्पादन हुने विदेशी लगानीकर्ताको अपेक्षासँगै तिनको लगानी भित्रिनु पनि हो । विश्व प्रसिद्ध विदेशी उच्च शिक्षा संस्थाहरूलाई भारतमा भित्र्याउनुका चुनौती र तिनका अवसर, विश्वका उत्कृष्ट विश्वविद्यालय भित्र्याउने सम्भावनाका बारेमा गृहकार्य हुन भने बाँकी नै छ ।

४.१३ करोड विद्यार्थी भएको भारतमा विदेशिने विद्यार्थीको संख्या १.६ प्रतिशत छ भने नेपालको हकमा यो संख्या १८ प्रतिशत हुन आउँछ । हरेक दिन ३००० युवा काम या शिक्षाका लागि देश फर्केर नआउने गरी छोड्छन् । यो संख्या वार्षिक १० लाख ८० हजार हुन आउँछ । यो सँगै ७ अर्ब पूँजी पलायन भएको अवस्था छ । यति भयावह तथ्यांक प्रस्तुत भइराख्दा पनि सरोकारवाला निकायको ध्यानाकर्षण भएको महसुस नहुनुले आगामी दिनमा यो संख्या अझै बढ्ने सहजै अनुमान गर्न सकिन्छ । आर्थिक वर्ष २०७८/७९ मा ४७ जना विदेशी विद्यार्थी पढ्नको लागि नेपाल आएको तथ्यांकले भने नेपालले बहिष्कार गरेको शिक्षा क्षेत्रमा तुलनात्मक लाभ र संभावनाको सुखद सन्देश दिएको छ । अन्तर्राष्ट्रिय डिग्री लिन नेपालसम्म आकर्षित हुने अन्तर्राष्ट्रिय विद्यार्थीका लागि नेपालको हावापानी र 'जीविका लागत' थप आकर्षणको कारण हुनसक्छ ।

### उदार जस्तो देखिने अनुदार नेपाली शैक्षिक नीति

लक्जरी ब्रान्ड भित्रिने देशमा अर्मानीको सुट लगाएका नागरिकलाई शिक्षाको लागि भने विकल्प प्रस्तुत नगर्ने जस्तो अनुदार शैक्षिक नीतिले, निश्चित वर्गको नागरिकलाई पढ्नको लागि विदेश मात्र देखाउँछ । नीति उदार हुने हो भने विश्वस्तरीय स्याटलाइट क्याम्पस नेपालभित्र खुल्नुको अर्थ पूँजी भएका युवा पुस्तालाई देशमै उद्यमशीलता गर्न, पूँजी लगानी र परिचालन गर्ने वातावरण सिर्जना गर्नु हो । अहिलेको अनुदार शिक्षा प्रणाली र गुणस्तरहीन शिक्षाले उत्पादनका साधन जस्तै जमिन, श्रम, पूँजी र उद्यमशीलतामध्ये श्रमलाई मात्र उत्पादनको साधनको रूपमा प्रधानता दिनसकेको छ । जमिन, पूँजी र उद्यमशीलता विकास र तिनका बहुआयामिक पाटोहरूप्रति हाम्रो शिक्षा प्रणाली मौनप्राय: छ । जमिनमा काम गर्ने श्रमिक खाडी मुलुकतिर आकर्षित छन् भने पूँजी भएका उद्यमशीलता गर्न सक्ने युवापुस्ता विकसित मुलुकमा पलायन भएका छन् ।

उदार शिक्षा नीतिले अन्तर्राष्ट्रिय विश्वविद्यालय देश भित्रिने बाटो खुलाउँछ । देशभित्रै सर्वसुलभ मूल्यमा गुणस्तरीय शिक्षा आर्जन गर्ने युवा आकांक्षालाई प्रत्याभूत गर्छ । उद्योगको लागि आवश्यकीय दक्ष जनशक्ति देशभित्रै निर्माण हुन्छ । समग्र इको सिस्टम सुनि गई खाडी जाने युवावर्ग र शिक्षित युवावर्गबीच रचनात्मक सहकार्य र समन्वयात्मक सम्बन्ध स्थापित हुन्छ । यसरी उत्पादन भएका मानव संसाधनले पुरातन उत्पादनका साधन (श्रम र जमिन) को उच्चतम प्रयोग गर्ने नवीनतम उपायको खोजी गर्छ ।

यसरी देशमा टिक्ने शिक्षित युवापुस्ता जोसँग उत्पादनका साधनमध्ये जमिन र पूँजी छ, तिनीहरूले उद्यमशीलताको माध्यमबाट घरेलु श्रमिकको प्रयोग गरी उद्यमी बन्न सक्छन् । यसको प्रत्यक्ष असर भने खाडी जाने श्रमिक युवाहरूलाई नेपालमै रोजगारी सिर्जना हुन गई अहिलेको विप्रेषण केन्द्रि त अर्थतन्त्रमा पाराडाइम सिफ्ट हुन सक्छ । वर्ग खाडल, वैदेशिक श्रम बजारको अहिलेको कहालीलाग्दो चक्रलाई तोड्न सक्छ ।

### संकुचित शैक्षिक विकल्प

एउटा उदाहरण हेरौं । नेपालमा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषय त्रिभुवन विश्वविद्यालयको क्याम्पस परिसरभित्र मात्र पढाइ हुन्छ जहाँ वार्षिक ४८ जना विद्यार्थी उत्पादन हुन्छन् । अन्तर्राष्ट्रिय डिग्री लिन चाहने तर विदेश पढ्न जान नचाहने विद्यार्थीको लागि विदेश जानु बाहेक अर्को विकल्प छैन । अन्त कतै यो विषय पढ्न नपाउनाले ४८ जना भित्र नाम ननिस्किएका विद्यार्थीको लागि रुचिको विषय पढ्न अन्य विकल्प उपलब्ध छैनन् । एउटा लुगा किन्न सयौं विकल्प भएको उदार अर्थतन्त्रमा रुचिको विषय पढ्न विश्वविद्यालय छनोट गर्ने विकल्प किन नगण्य छन् ? नेपालले किन अन्तर्राष्ट्रियस्तरको विश्वविद्यालय नेपालमा भित्र्याउन पहल गर्दैन ? दैनिक उपभोग्य वस्तु खरिद गर्न खर्बौं बजेट घाटा भएको अर्थतन्त्रमा उच्च शिक्षालाई किन हाम्रो शिक्षा नीति नवउदारवाद अर्थतन्त्रको पाटो बनाउन हिच्किचाउँछ । वस्तु आयात जस्तो परनिर्भरता उदार शिक्षा प्रणालीले गर्दैन किनकि मनाव संसाधन भनेका देशका अमूल्य पूँजी हुन् र पूँजीमा गरिएको लगानीले गुणस्तरीय प्रतिफल मात्र दिन्छ ।

### अबको रणनीति : युवालाई देशभित्रै टिकाउनु

वैदेशिक शिक्षा लिन विदेशिएका युवापुस्ता र तिनीसँगै जन्मिएका सामाजिक असमञ्जस्यता समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा युवाहरूको देश जस्तो जनसांख्यिक बनोट देखिए पनि यसको व्यावहारिक स्वरूप भने भिन्न छ । देश बुढाबुढीले कुरेर बसेको घरजस्तो देखिंदो क्रममा छ । पढ्न गएका युवापुस्ता नफर्किने र बुवाआमा छउन्जेल मात्र नेपालसँगको सम्बन्धमा सीमित हुने जोखिम र तिनका बहुआयामिक प्रकोपप्रतिको संवेदनशीलता र उचित रणनीतिक कदमले देशको भविष्यको खाका कोर्छ ।

विदेशमा रहेका शिक्षित नेपालीलाई पुन: देश फर्काउने रणनीति भन्दा सरल रणनीति देशभित्रै भएका युवालाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक अवसर प्रदान गरी उद्यमशीलता गर्ने वातावरण सिर्जना गर्नु उपलब्धमध्येको उत्तम उपाय हो । हरारीले आफ्नो 'ट्वान्टी वान लेसन फर द ट्वान्टी फस्ट सेन्चुरी' पुस्तकमा आजको बजारको मागसँग समायोजन हुन नसक्ने सीपहरू प्रविधिले तीव्र विस्थापित हुने कुरा गरेका छन् । जसरी हाम्रा अघिल्ला पुस्ता शिक्षक बनेर जागिर सुरु गरेर शिक्षक नै बनेर अवकाश हुने अवस्था थियो ।

तर के २१औं शताब्दीमा एउटा व्यक्तिले सिकेको सीपले जीवनपर्यन्त रोजगार दिलाउन सक्ला? प्रविधिले आज तपाईंले सिकेको सीप १० वर्षपछि बेकारको बनायो भने तपाईं के गर्नुहुन्छ? यस्ता विचारणीय प्रश्नहरूले विचार उद्वेलन मात्र गराउँदैन बरु प्रभावकारी रणनीति लिन सकेमा तपाईंलाई भविष्यको लागि तयार पनि गराउँछ ।

अबको शिक्षाले अबको पुस्तालाई सीप, शिक्षा र बजारको उतारचढावपूर्ण यात्राको लागि आफूलाई पुनर्व्याख्या र पुनर्जागरण गर्नसक्ने बनाउन सक्नु हो । कृत्रिम बुद्धिमत्ता (एआई)ले अबको श्रम बजारमा हामीले सिकेका सीपहरू काम नलाग्ने बनाउने सम्भावना जति कहालीलाग्दो छ, तर शिक्षित जनशक्तिले हरारीको पुन:अस्तित्वको व्याख्या र तिनको खोजीलाई समयसापेक्षिक ढाल्न भने सक्छन् ।

त्यसैले हामीलाई २१औं शताब्दीमा समयसापेक्षिक सीप र शिक्षा चाहिन्छ । देशमा व्याप्त विकल्पले यदि यस्तो जनशक्ति निर्माण गर्न सक्दैनन् भने, देशमा युवालाई टिकाउन सक्दैनन् भने, डिग्रीलाई डलरमा रुपान्तरण गर्न सक्दैन भने झन्डावाहक राष्ट्रिय विश्वविद्यालयको खोक्रो रटानभन्दा अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालयको स्याटलाइट क्याम्पस मार्फत विदेशी डिग्री लिन पाउने नागरिकको छनोटको अधिकारलाई सुनिश्चित गर्नुपर्छ । हरारीको अस्तित्वको पुनर्परिभाषामा आफूलाई समयसापेक्ष ढाल्न सक्ने जनशक्ति निर्माणमा सरोकारवाला सम्पूर्ण निकायको समन्वय हुनुपर्छ । विदेशिने अहिलेको प्रवृत्ति सामाजिक संस्कारको रूपमा रुपान्तरित हुने क्रममा छ । प्रवृत्तिको पुनरावृत्तिलाई रोक्न सकिएला तर जब प्रवृत्ति संस्कार बन्छ, यो मानव जीवनको अस्तित्व र परिचयसँग जोडिने हुँदा यी प्राय: अपरिवर्तनशील हुन्छन् । त्यसैले संस्कार परिवर्तनले पुस्तौंपुस्ताको समयको लगानीको माग गर्ने हुँदा यो महँगो प्रयास हो ।

स्याटलाइट क्याम्पसले उपलब्ध गराउने अवसर, युवालाई देशभित्रै टिकाउने सम्भावना, प्रतिस्पर्धी मानवसंसाधन देशभित्रै उत्पादन हुने अवसर, पूँजी पलायन, सामाजिक असमञ्जस्यताको विकराल समस्याको सबैभन्दा सस्तो, समय सापेक्षिक, दीर्घकालीन समाधान भनेको उदार शिक्षा नीति हुनु हो । सामाजिक, राजनीतिक, राष्ट्रभक्तिको चेतना विद्यार्थीले आर्जन गरेको ज्ञान, सीप र राज्यले नागरिक माथि गरेको लगानीसँग सापेक्षिक हुन्छ । गुणस्तरीय शिक्षा दिन सबै सरोकारवाला निकायबीच स्वार्थको सम्बन्ध होइन, विद्यार्थीको भविष्यप्रति प्रतिबद्ध इमानदार सहकार्य हुनुपर्छ । यस्तो सहकार्य जसले एक चेतनशील नागरिक निर्माण गर्न सकोस् । जसले नागरिक र राज्य, लगानी र प्रतिफल, बजार र श्रम, पूँजी र उद्यमशीलता र तिनका चक्रीय उत्पादन शृंखलालाई बलियो गरी जोड्न सकोस् ।

अनुसन्धानात्मक भारतीय विश्वविद्यालय अनुदान आयोगले अन्तर्राष्ट्रिय विश्वविद्यालय भारतको आगामी विकल्पको रूपमा स्वीकार गरेको छ । युवा पलायनको यति ठूलो प्रकोप भोगिराखेको नेपालमा पनि रणनीतिक रूपमा आफ्नो शिक्षा नीतिलाई संशोधन, परिमार्जन गर्दै उदार बाटोमा जानुपर्छ । स्याटलाइट क्याम्पस खोल्ने मार्गप्रशस्त गर्नु नै अहिलेको प्रकोपको निर्विकल्प समाधान हो ।

*(साभार: अनलाइनखबर)*

# विश्वविद्यालय सुधारमा कहाँ छ स्ववियु ?

सरिता तिवारी

विश्वभर र नेपालको इतिहासमा विद्यार्थी आन्दोलनमार्फत उठेको चेतनाको लहरले ठूलठूला राजनीतिक परिवर्तन सम्भव गराएकामा दुई मत छैन । संगठित विद्यार्थी अभियान र आन्दोलनहरूले विश्वविद्यालय र क्याम्पसका दैनिक शैक्षिक क्यालेन्डरमा मात्रै प्रभाव पारेका होइनन्, विश्वजनीन र राष्ट्रिय दुवै किसिमका अहम् मुद्दामा सामाजिक-राजनीतिक जागरण र प्रतिकारको भूमिकामा खरो उभिएको सुनौलो इतिहास हामीसँग छ ।

१९९७ सालताका राणाविरुद्धको प्रतिरोधमा होस् या २००४ को जयतु संस्कृतम् आन्दोलन र २००७ को जनक्रान्तिका सिलसिलामा होस् या त त्यसलगत्तै प्रजातान्त्रिक सरकारको क्रियाकलापमा समेत प्रश्न उठाउने सवालमा, नेपालमा विद्यार्थी आन्दोलनको तरंगले आम वर्गबीच सुरुदेखि नै गहिरो छाप छोड्दै आएको हो । पहिलो प्रजातन्त्र काल (२००७-२०१७) बीचमै विद्यार्थी संगठनहरू स्थापित हुने क्रम थालिएर २०१७ पुस १ पछि निर्दलीय पञ्चायती व्यवस्थाको उर्वर काल (२०२० देखि २०३५ को समय) मा विद्यार्थी आन्दोलन नै नेपालमा प्रतिरोधी राजनीतिको मियो बनेको तथ्य सबैसामु छर्लंग नै छ । यसको

टड्कारो अभिव्यक्ति २०३६ को बहुधा प्रभावशाली विद्यार्थी आन्दोलन र जनमतसंग्रहको समयमा देखिन्छ । यही आन्दोलनको बलमा क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) खोल्ने अधिकार स्थापित भएको हो जसले विद्यार्थीका हकहितको संरक्षणसँगै विचार-बहस निर्माणको संस्कृतिलाई समेत बलियो बनायो ।

पञ्चायतमा राजनीतिक दल खोल्न कडा प्रतिबन्ध लगाइएको थियो । पञ्चायतविरोधी कांग्रेस या कम्युनिस्ट दलका प्राय: नेता भूमिगत थिए । 'दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था' का नाममा सत्ताइतरको बौद्धिक चेत र वैकल्पिक-आलोचनात्मक धारालाई पूरै निषेध गरिएको त्यो व्यवस्थामा तत्कालीन भूमिगत पार्टीहरूका वैचारिक र राजनीतिक प्रवक्ता नै विद्यार्थी संगठन थिए । त्यसैले विद्यार्थी आन्दोलन मुखर, प्रभावशाली र मुलुकको गतिशील राजनीतिको वाहक पनि बनेको थियो । त्यही जगमा स्थापना भएको स्ववियु चुनाव परोक्ष रूपले राजनीतिक जागरणको 'पर्व' जस्तो मानिन्थ्यो । स्ववियुमा निर्वाचित हुनु र विद्यार्थी आन्दोलनको नेता हुनु परिवर्तनकारी वैचारिक हस्तक्षेपको भरोसा-केन्द्र बन्नु ठानिन्थ्यो । क्याम्पस पढ्ने आफ्ना सन्तानमार्फत जनताले पनि दलका नेतालाई भन्दा स्ववियुका प्रतिनिधि र विद्यार्थी नेतालाई नै बढी चिन्थे । त्यही संस्कृतिमा हुर्किएका आम जनताका छोराछोरी विद्यार्थी राजनीतिमा हामफाल्न र त्यसैको मेहरोमा हेलिन लालायित हुन्थे जसबाट पढाकु, वाचाल र नैतिक बलसमेतले भरिएको नयाँ नेता जन्मन्थ्यो ।

पञ्चायतविरुद्ध बहुदलीय प्रजातन्त्रका लागि गरिएको जनआन्दोलन (२०४६) मा विद्यार्थी संगठनको भूमिका अग्रपंक्तिमा थियो । त्यसपछि पनि विश्वविद्यालयभित्र र बाहिर सामयिक शैक्षिक मुद्दासँगै जनजीविका र राष्ट्रियताका प्रश्नसमेत उठाएर विद्यार्थी आन्दोलनले आफ्नो औचित्य पुष्टि गरेकै देखिन्थ्यो । हुन त बहुदलअघि र पछि पनि स्ववियु चुनावमा क्याम्पसहरू हिंसा र प्रतिहिंसाका अखडा बनाइने, अप्रिय घटनाहरू निम्त्याइने, रक्तपातसमेत गर्ने/गराउने थलो पनि भएको तथ्य स्विकार्नुपर्छ तर तिनै कुरा विद्यार्थी आन्दोलनका मूल प्रवृत्ति भने थिएनन् । बरु विद्यार्थी संगठन प्रतिपक्षी र प्रतिरोधी चेतका कुशाग्र नेतृत्व जन्मने आधार बनिरहेका थिए । नेपालमा कम्युनिस्ट विचारको प्रवाह हुनुमा यस्तै नेतृत्व र तिनले निर्माण गरेको अध्ययनशील, जुझारु कार्यकर्ता दस्ताको महत्त्वपूर्ण भूमिका थियो जो हरेकपल्ट क्याम्पसबाट लामो छुट्टीमा घर फर्किंदा परिवर्तनप्रतिको नयाँ सम्मोहन लिएर गएका हुन्थे । संगठन र स्ववियुले छापेका मुखपत्रसँगै आन्दोलनका रोचक कथाहरू पनि लिएर गएका हुन्थे । स्कुलबाट पास भएर क्याम्पस छिर्दै गरेका विद्यार्थीहरूलाई पढाइसँगै संगठित राजनीतिमा आकर्षित गर्न यति पर्याप्त थियो ।

तर विक्रम संवत् २०५० को दशकको मध्यपछि सत्ता राजनीतिमा हालहुकुम गर्ने दलका विद्यार्थी संगठन र तिनका मातहत रहेका स्ववियुहरू क्रमैसँग भुत्ते हुँदै गए । केही रचनात्मक गतिविधि नभएका होइनन् । खास गरी, २०५८ सालपछि प्रत्यक्ष शासकका रूपमा संक्रमण गरेको शाही सत्ताको विरोधमा प्रतिरोधी विद्यार्थी नेतृत्व पनि तयार नभएको होइन । तर त्यो त आन्दोलनको देखिने पाटो मात्रै थियो । २०४८ देखि सत्ताधारी रहँदै आएका दलसम्बद्ध विद्यार्थी आन्दोलन बिलकुलै तरल र एजेन्डाहीन हुँदै थिए । इमानदार र नैतिक राजनीति गर्नेको कुनै भाउ नै नरहने स्थिति आइसकेको थियो । चन्दाका नाममा अपारदर्शी रूपमा रकम संकलन गर्नु र त्यस्तो रकमबाट नेता-कार्यकर्ताहरूले 'इन्जोय' गर्नु, बाहिर शैक्षिक संस्थाहरूलाई विभिन्नथरीका आरोप लगाउँदै भाषण गर्नु, विज्ञप्ति निकाल्नु अनि भित्रभित्र तिनैसँग मिलेर 'पावर बार्गेनिङ' गर्दै आर्थिक-नैतिक भ्रष्टाचार गर्नु सामान्य भएका थिए । यो पंक्तिकार स्वयं २०४९ देखि २०५७ वरपरसम्म विद्यार्थी आन्दोलनको एक सहभागी कार्यकर्ता र निर्वाचित स्ववियु सदस्य पनि भएकाले माथि भनिएका कुरा आफ्नै प्रत्यक्ष भोगाइसमेत हुन् ।

२०६२-६३ को दोस्रो जनआन्दोलनसम्म आइपुग्दा विद्यार्थी आन्दोलनको क्रान्तिकारी धारा यो चरित्रबाट अझैसम्म अछुतै देखिन्थ्यो । तत्कालीन नेकपा (माओवादी) लाई समर्थन गर्ने त्यस धाराका संगठित विद्यार्थी नेता-कार्यकर्ता शैक्षिक र राजनीतिक मुद्दामा प्रतिबद्ध मात्रै होइन, तत्कालीन राज्यव्यवस्थालाई जगैदेखि भत्काएर नयाँ पद्धति ल्याउन दृढसंकल्प देखिन्थे । माओवादी विद्रोहको धारामा जोडिएकैले तिनैमध्ये कैयौं त तत्कालीन सत्ताले बेपत्ता पारेका, हत्या गरेका सूचीमै परेका छन् । तर जसै आफ्नो माउ दलले सत्ता राजनीतिको 'स्टेक होल्डर' बन्दै पहिलो संविधानसभामा सबैभन्दा ठूलो हिस्सेदारको हैसियत बनायो, यसभित्रको विद्यार्थी आन्दोलनले माउ दलले झैं अस्ति भर्खरको बलिदानको इतिहास बिर्सियो । आफ्ना सहिद र बेपत्ता साथीहरूको त्यागको मूल्य बिर्सियो । आन्दोलनभित्रकै कतिपय व्यक्ति नामीनामी शिक्षण संस्थाहरूका आर्थिक बिचौलिया मात्रै भएनन्ह लेनदेन, चन्दा, कमिसन र भ्रष्टाचारमा लिप्त नै भए । त्यसरी संकलन गरेको रकमले समाजमा रोब-रवाफ देखाउने र कमजोरहरूमाथि हूलहुज्जत जमाउनेसमेत भए । यो दृश्य बहुतै दिगमिगलाग्दो देखियो ।

कांग्रेस वा एमाले समर्थक विद्यार्थी संगठनहरूले २०५० सालको दशकभर जेजे गरे, माओवादी विद्यार्थी संगठनभित्र त्यही प्रवृत्ति २०६४ पछि व्यापक रूपमा मौलायो । अहिले त कांग्रेस, एमाले, माओवादी केन्द्र वा एकीकृत समाजवादी र अन्य दलसम्बद्ध विद्यार्थी संगठन नामले मात्रै अलग तर चरित्रले उस्तै प्रतीत हुन्छन् । विद्यार्थी आन्दोलनभित्र जन्मनुपर्ने सृजनात्मक प्रश्न र आलोचनात्मक विवेकमा अहिलेजस्तो ह्रास यसअघि कहिल्यै देखिएको थिएन । हुँदाहुँदा २०६८-६९ यता माओवादी विभाजित भई बनेका दलहरूसम्बद्ध विद्यार्थी संगठन पनि समयानुकूल विद्यार्थी आन्दोलनको मर्म र एजेन्डालाई स्थापित गर्नेभन्दा हिंसाको बलमा चन्दा जोहो गर्ने, पावर बार्गेनिङ गर्ने र त्यसरी आर्जित 'शक्ति' लाई संगठनको गुरुत्व ठान्ने भ्रममा लीन देखिन्छन् । यसरी हेर्दा हालका दिनमा विद्यार्थी आन्दोलन कहीँकतै अस्तित्वमै छैन भन्ने निष्कर्षमा पुग्न एक मिनेट पनि सोच्नुपर्दैन । जसरी नेपालको शिक्षा नीति बरालिएको र गतिछाडा भएको छ, जसरी सरकार र मातहतका संस्थाहरू दिशाहीन छन्, त्यसरी नै विद्यार्थी संगठनहरू गन्तव्यहीन झुन्ड मात्र बनेका छन् । यिनमा न गति छ न गन्तव्य छ । न कुनै आकर्षण छ न त वैचारिक स्कुलिङ नै छ । केही पनि छैन । नेताका ताबेदार, दलाल र कालान्तरमा सत्ताको भाउतौल गर्ने बिचौलिया उत्पादन गर्नेभन्दा बढी आजका विद्यार्थी संगठनहरूले केही पनि गरेका छैनन् । यस्ता संगठनहरू अब किन चाहिन्छन् ? यिनैले हाँक्ने स्ववियु किन चाहिन्छ ?

बाँकी पृष्ठ ३ मा....

# केन्द्रीय क्याम्पसमा ठूला संगठनलाई स्वतन्त्रको चुनौती



काठमाडौं/त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरमा स्नातकोत्तर पढाइ दिउँसोमात्रै हुनेगर्छ । प्राय विहान एमफिल पीएचडीका शोधार्थी मात्र आउने हुनाले उस्तो चहलपहल हुने गर्दैन । तर हिजोआज बिहानैदेखि विद्यार्थीहरुको आउजाउ बढेको छ । कारण हो, स्वतन्त्र विद्यार्थी युनियन चुनाव ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका यी केन्द्रीय विभागमा अध्ययन गर्ने विद्यार्थीले विश्वविद्यालय क्याम्पसको स्ववियु नेतृत्व चयनका लागि चैत ५ गते मतदान गर्नेछन् । त्रिविको केन्द्रीय विभागमा अध्ययन गर्ने विद्यार्थीबीच प्रतिस्पर्धा हुने र विगतमा यहाँको स्ववियु जित्नेहरु केन्द्रीय राजनीतिमा स्थापित भएकाले यहाँको स्ववियुको विशेष महत्व छ ।

अहिलेसम्म त्रिवि केन्द्रीय क्याम्पसमा नेविसंघले ७ पटक, अनेरास्ववियुले ६ पटक स्ववियु सभापति जितेका छन् । २०६५ सालमा अखिल क्रान्तिकारीले जितेको थियो । १४ वर्षपछि हुन लागेको चुनावमा एमाले, कांग्रेस र माओवादी केन्द्रको विद्यार्थी संगठनबीच नै मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ ।

अध्यक्ष पदमा १२ जनाको उम्मेदवारी परेको र स्वतन्त्र हैसियतमा पनि विद्यार्थीहरुले प्यानल बनाएकाले यहाँ नतिजाको अनुमान कठिन छ ।

**अनेरास्ववियु ढुक्क**

एमालेले प्रकाश विष्टको नेतृत्वमा प्यानल बनाएको छ । हाल इतिहास विषय अध्ययन गरिरहेका विष्ट एमालेको बुद्धिजीवी परिषद केन्द्रीय समिति अन्तर्गतको राष्ट्रिय सुरक्षा तथा वैदेशिक सम्बन्ध अध्ययन केन्द्रमा समेत आबद्ध छन् । एमालेका नेताहरुले विष्टलाई बलियो उम्मेदवारका रुपमा हेरिरहेका छन् ।

त्रिवि कीर्तिपुर क्याम्पसमा अनेरास्ववियुले राष्ट्रिय जनमोर्चाको भ्रातृ संगठन अखिल छैटौं र जसपाको विद्यार्थी संगठन समाजवादी विद्यार्थी युनियनसँग पनि तालमेल गरेको छ ।

अनेरास्ववियुले अन्य विद्यार्थी संगठनमा देखिएको विवाद र आफ्नो संगठनको एकता नै जितको आधार रहेको दाबी गरेको छ । अनुशासित, राम्रो शैक्षिक पृष्ठभूमि रहेका र नेतृत्व गर्न सक्ने व्यक्तिलाई उम्मेदवार बनाउँछ भन्ने छाप त्रिविमा रहेको प्रकाश बताउँछन् ।

अनेरास्ववियुले स्ववियु चुनाव जितेपछि दुई वर्षमा गर्ने कामलाई दुई भागमा बर्गीकरण गरेर भिजन टेन-टेन सार्वजनिक गरेको छ । जसमा विश्वविद्यालय एक्सिलेन्स सेन्टर बनाउने र व्यवहारिक क्यालेन्डर लागू गर्ने प्रतिवद्धता गरेको छ । उसले डिजिटल लाइब्रेरी, विश्वविद्यालय बन्दरहित सम्मानित क्षेत्र, हरियाली विश्वविद्यालय परिसरलगायतको नारा दिएको छ ।

अनेरास्ववियुले संगठन एकढिक्का रहेकाले आफूहरुले नै जित्ने दाबी गरेको छ । प्रकाश भन्छन्, 'संगठन एक ढिक्का छ । पार्टीको केन्द्रीय कमिटीदेखि लिएर, पार्टीगत लाइन संगठन सबैले ब्याकफोर्सको रुपमा काम गरिरहेकोले हामी जित्छौं ।' मुख्य प्रतिद्वन्द्वी संगठन नेपाल विद्यार्थी संघभित्र चर्केको विवादलाई पनि अनेरास्ववियुले आफ्नो जितका लागि लाभदायक देखेको छ ।

**नेविसंघभित्र समस्या**

सोमबार त्रिवि स्ववियु निर्वाचन समितिले सार्वजनिक गरेको उम्मेदवारको अन्तिम नामावलीमा नेविसंघमा आस्थावान चार जनाको अध्यक्षमा उम्मेदवारी छ । संस्थापन पक्षले श्यामराज ओझालाई अध्यक्षको टिकट दिएपछि विष्णुबहादुर बडैलाले नेपाल स्वतन्त्र विद्यार्थी समाज नामको छुट्टै समूह बनाएर प्यानलसहित अध्यक्षमा उम्मेदवारी दिएका छन् ।

अंग्रेजी साहित्यमा स्नातकोत्तरका विद्यार्थी ओझा एमएड अंग्रेजी विषयमा उत्कृष्ट विद्यार्थी हुन् । नेपाल विद्यार्थी समाजबाट उम्मेदवारी दिएका समाजशास्त्रका विद्यार्थी बडैला गणित विषयका स्वर्ण पदक विजेता हुन् । हाल उनी राजनीतिशास्त्रबाट पनि स्नातकोत्तर गरिरहेका छन् । नेविसंघमै आस्थावान दीपकराज जोशी र मिलन बस्नेतले पनि अध्यक्षमा स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

मातृ पार्टी कांग्रेस र नेविसंघका केन्द्रीय नेताहरु श्यामराज ओझालाई सघाउन अरु उम्मेदवारलाई आग्रह गरिरहेका छन् । तर सफल हुन सकेका छैनन् । सोमबार माओवादीको विद्यार्थी सगठन अखिल क्रान्तिकारीसँग तालमेल गर्ने र बडैलाको पनि उम्मेदवारी फिर्ता गराउने कांग्रेस र नेविसंघका केन्द्रीय नेताहरुको प्रयास असफल भयो ।

नेविसंघभित्रको विवादले चुनावमा असर नगर्ने नेविसंघका उम्मेदवार श्यामराज ओझा बताउँछन् । नेविसंघबाट उम्मेदवार बनेका सबै जना योग्य र क्षमतावान भएकाले मतदाता विद्यार्थीमाझ राम्रो प्रभाव भएको उनको जिकिर छ । 'हामी सबैजना क्वालिटी भएको उम्मेदवारको टिम छौं । त्यसैपनि विश्वविद्यालयमा नेविसंघप्रतिको चार्म छँदै छ ।'

स्वतन्त्र उम्मेदवारी दिएकाहरुले आफूलाई समर्थन गर्ने सहमति भइसकेको पनि ओझा बताउँछन् । 'भोलिदेखि हामी सँगै हिँड्छौं । सँगै क्याम्पेनिङ गरेर हिँड्ने भएकोले हिजो के भयो भन्ने कुराले खासै फरक पर्दैन' ओझाले भने ।

स्वतन्त्र विद्यार्थी समूह बनाएर आफैं प्रचारमा हिँडेका बडैलाले पनि केही दिनमा आफूलाई साथ दिने ओझाको आशा छ । उनी भन्छन् 'हामी सबै साथी हौं । संगठनभित्र सानातिना असन्तुष्टि हुन्छन् उहाँहरुको पनि छ, तर सम्भवत भोलिबाट सँगै हिँड्छौं ।' नेविसंघले परीक्षा र नीतिगत प्रणाली, संरचनागत सुधार, पाठ्यक्रम निर्माण लगायतका विषयमा सुधार गर्नुपर्ने विषय उठाएको छ ।

दलका नेताहरुले नेविसंघ भित्रको विवाद समाधान नगर्दा यसपटक स्ववियु निर्वाचनमा नेविसंघले ठूलो क्षति बेहोर्नुपर्ने एक विद्यार्थी नेता बताउँछन् । 'हामीभित्रको यो फुट दोस्रो पक्षको लागि अवसर हुने सम्भावना छ, नेतृत्वको कमजोरी समग्र संगठनले ब्यहोर्नुपर्ने स्थिति छ ।'

**बडैलाले थाले प्रचार**

नेविसंघबाट टिकटको आकांक्षी रहेका विष्णु बडैला पार्टी र संगठनका केन्द्रीय नेताहरुले समस्या समाधान गर्न नचाहेकाले अब सम्झौता हुने ठाउँ नरहेको बताउँछन् । '(उम्मेदवारी) फिर्ता हुने सहमति भएपनि हुन सकेन । त्यसपछि पार्टीका, संगठनका केन्द्रीय नेताहरुले बुझ्न खोजेनन् । त्यसो भइसकेपछि हामीले हाम्रो आत्मसम्मान गुमाएर किन पछि हट्ने भनेर मैदानमा उत्रिएका छौं' उनी भन्छन् ।

बडैला आफ्नो समूहको उम्मेदवारको योग्यता र समूहले उठाएको एजेन्डाका कारण मत पाउनेमा ढुक्क देखिए । विश्वविद्यालय क्याम्पसको स्ववियु सभापति सिनेट सदस्य हुन्छ । प्रधानमन्त्री, शिक्षामन्त्री, उपकुलपतिलाई प्रभावित गर्न सक्ने ल्याकत भएको स्ववियु सभापति हुनपर्ने र त्यो सबै गुण, क्षमता आफ्नो टिमसँग भएको बडैलाको दाबी छ ।

**अखिल क्रान्तिकारी अलमलमा**

अखिल क्रान्तिकारी धेरै समय गठबन्धन गर्ने कि नगर्ने अलमलमा पर्‍यो । अन्तिममा बिपिन विकको नेतृत्वमा उम्मेदवारी दियो । अब एकल रुपमै जाने तयारीमा जुटेको उम्मेदवार बिपिन बताउँछन् । एजुकेसन प्लानिङ एन्ड मेनेजमेन्ट (ईपीएम) का विद्यार्थी बिपिन अंग्रेजी र राजनीति शास्त्रमा स्नातकोत्तर हुन् ।

अखिल क्रान्तिकारीले विश्वविद्यालय विश्वविद्यालयलाई ज्ञान उत्पादन गर्ने केन्द्रको रुपमा विकास गर्नको लागि पहल गर्ने, बिहानी कक्षा सञ्चालन गर्ने, सेमेष्टर प्रणालीलाई व्यवस्थित गर्ने एजेन्डा उठाएको छ । अध्यक्षका उम्मेदवार विपिन भन्छन् 'हामीले ठूला सपना बाँडेका छैनौं । हामीले खास सुधार गर्नुपर्ने जसले गर्दा विद्यार्थीले भोगिरहेको समस्या समाधान हुने र विश्वविद्यालयको सुधारको मुख्य आधारलाई एजेन्डा बनाएका छौं ।'

विपिनले अब तालमेलको सम्भावना टरेको पनि बताए । 'हामी एकल रुपमा जान्छौं र हामी जित्छौं' उनले भने ।

नेपाल क्रान्तिकारी विद्यार्थी संघबाट प्रविन लाखाजु, स्वतन्त्र विद्यार्थी समूहबाट अर्जुन बगाले,स्वतन्त्र उम्मेदवार ललितजन रावल, अनेरास्ववियूबाट समीर गौतम, अखिल (क्रान्तिकारी) संयुक्तबाट प्रवल भण्डारी अध्यक्षको उम्मेदवार बनेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङ र रेखाको 'नीरफूल' जेठ १९ मा



काठमाडौं/करिब चार वर्षअघि निर्माण भएको फूलमान बल निर्देशित फिल्म 'नीरफूल'को आगामी जेठ १९ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । यसअघि २०७६ सालको चैत ७ गतेलाई प्रदर्शन मिति घोषणा गरिएकोमा कोरोना महामारीका कारण सरकारले हल बन्द गर्ने निर्णय गरेपछि फिलमको प्रदर्शन अनिश्चितकालका लागि स्थगन भएको थियो । फिल्म भूकम्पको कथामा आधारित छ ।

फिल्ममा दयाहाङ राई, शान्ति वाइवा, बुद्धि तामाङ, पुष्कर गुरुङ, राजन खतिवडा, सरोज अर्याल, सरिता गिरी, जिम्मे छ्योइकी घिसिङ लगायतको अभिनय छ भने म्यानमारका तत्कालिन राजदुत ऊ लिउन उ र अभिनेत्री रेखा थापा विशेष भूमिकामा छन् । धादिङ रुबी भ्यालीको एउटा परिवारमार्फत् भूकम्प बेलाको मानवीय संघर्ष र आम मनोविज्ञानलाई फिल्ममा प्रस्तुत गरिएको छ ।

सोनाम डोमा कार्यकारी निर्माता रहेको फिल्ममा कतारबाट माया केसी, बेलायतबाट दीपक श्रेष्ठ, इजरायलबाट चन्द्रमाया तामाङ, जापानबाट उदय लामा, अमेरिकाबाट रोज लामा, कोरियाबाट दिनेश लम्तरी मगर र नेपालबाट दिजेश श्रेष्ठ, तेन्जिन सोनाम लामा, अजितमान तामाङ, गणेश थापा, अशोक थापा, विके श्रेष्ठ निर्मातामा छन् । फिल्ममा फूलमान तथा सचिन घिमिरेको पटकथा छ ।

फ्रेण्ड्स अफ नेपाल-म्यान्मार फ्रेन्डसिप काउन्सिलसँगको सहकार्यमा सेलो प्रोडक्शनले निर्माण गरेको 'नीरफूल'मा प्रमोद कार्कीको छायांकन, अर्जुन पोखरेल र चन्द्रकुमार दोङको संगीत, निमेष श्रेष्ठको सम्पादन रहेको छ ।

भूकम्पले हराएका श्रीमती र छोरी खोज्न दयाहाङको चरित्रले गर्ने संघर्षमा आधारित भएर निर्माण भएको यस फिल्मको वितरण गोविन्द शाही तथा मनोज राठीले गर्नेछन् ।

# वर्षाको वैवाहिक सम्बन्ध टुट्यो, आशिषले गरे दोस्रो बिहे



काठमाडौं/यस वर्षको बैशाख ९ गते अभिनेत्री वर्षा सिवाकोटीले अमेरिका बसोबास गर्ने आशिष गेलालसँग विवाह गरेकी थिइन् । विवाहपछि हनिमुन मनाउन उनीहरु पोखरा पुगे र ४ दिनपछि आशिष अमेरिका प्रस्थान गरे । त्यसको तीन/चार हप्तामा वर्षा पनि अमेरिका उडेकी थिइन् । तर, डेढ महिना अमेरिका बसेर फर्किएपछि उनले आशिषसँगका सबै तस्विरहरु सामाजिक सञ्जालबाट हटाइन् ।

नेपाल आउनसाथ वर्षाले आशिषसँगका सम्पूर्ण तस्विरहरु हटाउनु र सामाजिक सञ्जालमा दुवैले एकअर्कालाई अनफलो गरेपछि उनीहरुको सम्बन्ध विग्रिएको चर्चा चल्न थालेको थियो । तर, वर्षाले यसबारेमा कहिल्यै मुख खोलिनन् । अन्तत: बजारमा चलेको चर्चा सत्य निस्किएको छ । वर्षासँग विवाह गरेको १० महिनामै आशिषले सोमबार झापाकी एक युवतीसँग दोस्रो बिहे गरेका छन् । आशिषले दोस्रो विवाह गर्नुभन्दा अगाडि वर्षासँग कानुनी रुपमा सम्बन्धविक्षेद गरेका थिए ।

काठमाडौंको नागार्जुन रानीवनस्थित रेसु भिल्लामा वर्षा र आशिषको धुमधामसँग बिहे भएको थियो । तर, विवाहमा वर्षा निकट फिल्मकर्मीहरु समेत उपस्थित थिएनन् । न त उनीहरुले रिसेप्सन पार्टी नै आयोजना गरेका थिए । आशिषसँग वर्षाको अमेरिका बसाईको क्रममा चिनजान भएको थियो ।

वैवाहिक सम्बन्ध टुटेपछि एक अनलाइनसँग कुराकानी गर्दै वर्षाले आफूहरु दुई महिनाअघि कानुनी रुपमा अलग भएको बताएकी छन् । परिवारको तर्फबाट मागेर छिटो विवाह भएकाले एकअर्कालाई राम्ररी बुझ्न नसकिएको र असमझदारीका कारण अलग भएको उनको भनाई छ । उनी चाँडै फिल्म 'कामिनो'मा काम गर्दैछिन् । सम्बन्धविक्षेदपछि उनले यो फिल्म साइन गरेकी थिइन् ।

# विश्वविद्यालय सुधारमा...

संसारभर समयसँगै शिक्षाको प्रारूप र शैली फेरिएको छ । प्रविधिको बहुआयामिक प्रयोगले शिक्षाको संरचनात्मक स्वरूपमै 'रिभोल्युसन' ल्याउने गरी नयाँ पुस्ता सुहाउँदो शिक्षाका लागि कतिपय देशमा त्यहाँ चलिरहेको पाठ्यक्रममै व्यापक फेरबदल गर्नुपर्ने विमर्श चलिरहेको छ । उनीहरू आफैंलाई युगसापेक्ष हुन नसकेको भनिरहेका छन् । तर हामीकहाँ राणाकाल र पञ्चायतकै पालामा बनेका भौतिक र प्रशासनिक संरचना अहिले पनि उस्तै छन् । पाठ्यक्रम र शैक्षिक क्यालेन्डरको बदहाली बयान गरि सक्नु छैन । नयाँपनको नाममा विश्वविद्यालय र विद्यालयभित्र भागबन्डाको विद्रूप राजनीतिबाहेक अर्थोक छैन । प्लस टुभन्दा माथि विद्यार्थीको संख्या प्रतिदिन घट्दो दर मा छ । देशमै बसेर उच्च शिक्षा लिन सम्भव छ भन्नेमा विश्वस्त हुने आधार राज्यले दिएकै छैन । मुलुकको सबभन्दा जेठो विश्वविद्यालय राजनीतिक दाउपेच, स्वार्थअनुकूलका नियुक्ति र उच्चाटलाग्दो पद-खेलले थङ्थिलो भैसकेको छ । जस्तोतस्तो भए पनि पढ्न चाहने विद्यार्थीलाई पढ्ने वातावरण नै छैन । मिहिनेती शिक्षक र इमानदार कर्मचारी सत्ता दाउपेचका घीनलाग्दा षड्यन्त्रको मात्रै होइन, कतिपय उद्दण्ड विद्यार्थी संगठनका लठैतहरूको उत्ताउलो र असह्य गुण्डागर्दीको समेत सिकार भएका छन् । आफ्ना माउ दलका संरक्षणमा विश्वविद्यालय हाताभित्रै निर्दोष शिक्षकलाई मरणासन्न हुने गरी कुट्ने लाइसेन्स तिनले पाइर हेकै छन् । दलका स्वार्थ बाझिने अरू मुद्दामा जस्तै यस्ता कतिपय मामिलामा समेत न्यायालय प्रभावित भएका प्रकरणहरू हाम्रा अगाडि छर्लंग छन् । तर खै को बोलेको छ ? कुन संगठनले प्रतिवाद गरेको छ ? माउ दलहरू सत्ता साझेदार भएपछि चल्ला संगठनले पनि यसरी 'अघोषित समझदारी' गर्नुपर्ने हो ? यो हदको विवेकहीनता र 'व्यवहारवादी' राजनीतिलाई नेता उत्पादनको 'नर्सरी' मानिदिनुपर्ने हो ?

वामपन्थी दलसम्बद्ध विद्यार्थी संगठनले हिजो लगातार लगाएको वैज्ञानिक र जनवादी शिक्षाको रटान आज पनि दोहोर्‍याएकै छन् तर कस्तो शिक्षालाई वैज्ञानिक र जनवादी भन्ने हो, तिनका नेतालाई नै थाहा छैन । सत्तामा आफ्नै नेतृत्वको ढलीमली छ । शिक्षा मन्त्रालय र विश्वविद्यालयका महत्त्वपूर्ण पदमा आफ्नै दलको झोला बोकेका बुद्धिजीवी छन् । तर वार्षिक क्यालेन्डरलाई सेमेस्टरमा बदल्ने र त्यसैकारण उच्च शिक्षालाई अनावश्यक महँगो बनाउनेबाहेक अरू केही गरिएको छैन । पछिल्ला दिनमा प्राविधिक शिक्षामा विद्यार्थीचाप बढ्दो छ । अब गाउँगाउँमै प्राविधिक शिक्षालय पुर्‍याइएको छ । यो राम्रो पक्ष हो, तर रोचक के भने, जसरी यसको जस सबैलाई लिनुपरेको छ, त्यसै गरी यहींबाट उत्पादित जनशक्तिको सम्मानजनक व्यवस्थापन नभएर बेरोजगारी बढिरहेकामा भने कसैलाई मतलबै छैन । त्यस्तै, पछिल्ला वर्षमा राज्य पुन:संरचनाको प्रभावका कारण संघ, प्रदेश र पालिकास्तरमा माग बढेकाले पनि कानुन पढ्ने विद्यार्थीको लस्कर थामिनसक्नु भैसक्यो । यता भने यिनै विद्यार्थी संगठन 'तयारी कक्षा' का नाममा ट्युसन पढाउने 'इन्स्टिच्युट' चलाउन मारधाडको प्रतिस्पर्धा गर्छन् तर हजारौंको संख्यामा भरिने आवेदन र जम्मा अढाई-तीन सयको संख्यामा लिइने भर्नाबारे प्रश्न गर्दैनन् । विद्यार्थीको आकर्षणलाई सम्बोधन गर्ने गरी भर्ना संख्या बढाउन राज्य तयार छैन, विद्यार्थी संगठनलाई पनि टाउको दुखाउनु छैन ! यी पक्षमा गहिरिएर आत्मसमीक्षा गर्ने, विद्यार्थी आन्दोलनको तुक स्थापित कुनै संगठन, दस्ता या स्वतन्त्र प्यानल अगाडि आउने र त्यसले भरोसाको कायाकल्प गर्ने स्थिति कम्तीमा हालसम्म देखिएको छैन ।

यस्तै परिस्थितिबीच यही चैत ५ गते स्ववियुको चुनाव हुँदै छ । अनेक कारणले रोकिएर पछिल्ला चौध वर्षपछि हुन लागेको चुनाव भएकाले पनि विद्यार्थी संगठनहरूमा एक प्रकारको उत्साह भरिनु अस्वाभाविक भएन । तर यो उत्साह बेलुनको हावाभन्दा बढी केही हुनेछैन भन्ने स्पष्ट छ । यसो भन्दा निराशाजनक कुरा गरेको ठानिएला तर यो टिप्पणीलाई गलत साबित गरिदिने विवेक र कार्यक्रम कुनै पनि जितारु संगठनसँग छ भन्ने लाग्दैन । आज चुनावको छेकमा विद्यार्थी संगठनहरू राजनीतिक संस्कृति र प्रशासनिक सुधारका साथै शैक्षिक विमर्शका वैचारिक-व्यावहारिक प्रस्तावना लिएर होइन, खुकुरी, भाला, रड बोकेर क्याम्पस छिर्ने प्रतिस्पर्धामा व्यस्त देखिन्छन् । यद्यपि, स्ववियु चुनावका नाममा यो उहिलेकै (कु)संस्कृतिको निरन्तरता पनि हो तर त्यति बेला संगठनहरू पक्षधरताको प्रश्न र चरित्रमा फरक थिए । एकदेखि अर्को अलग देखिने ज्वलन्त आधार थिए । ती न्यूनतम भए पनि सृजनात्मक र आलोचनात्मक थिए । लाज राख्नैका लागि भए पनि आफू सम्बद्ध दलको नेतृत्वमाथि सवाल उठाउँथे ।

*(साभार: ई-कान्तिपुर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बैंक तथा वित्तीय संस्था विरूद्धको आन्दोलन फिर्ता

काठमाडौं/बैंक तथा वित्तीय संस्थाविरुद्ध आन्दोलनरत उद्योगी व्यवसायीहरुले आफ्नो विरोधका कार्यक्रम फिर्ता लिएका छन् ।

उद्योगी व्यवसायीको माग सम्बोधन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डतयार भएपछि आन्दोलनका कार्याक्रम फिर्ता लिइएको नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिए ।

'प्रधानमन्त्री प्रचण्ड सँगको भेटपछि हामीले आन्दोलनका सबै कार्याक्रम फिर्ता लिएका छौं,' उपाध्यक्ष श्रेष्ठले भने, 'माग पुरा नभए पुन: आन्दोलन गर्नु होला । तर सरकार तपाईंहरुको माग पुरा गर्न तयार छ भनेर प्रधानमन्त्रीले बाचा गर्नु भएको छ ।'

'बजारमा देखिएका समस्या र हामीले उठाएका मागबारे प्रधानमन्त्री आफैं जानकार हुनुहुन्छ । ती विषयलाई गम्भीरतापूर्वक लिएको र ब्याजदर घटाउनका लागि पहल गर्ने प्रधानमन्त्री प्रचण्डको आश्वासनपछि हामीले सबै विरोधका कार्यक्रम आजैदेखि फिर्ता लिएका छौं' श्रेष्ठले भने ।

बैंक तथा वित्तीय संस्थामा चर्को ब्याजदरका कारण व्यवसाय गर्न कठिन भएको भन्दै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल व्यापार संघ, नाडा अटोमोबाइल्स एसोसिएसनलगायत निजी क्षेत्रका छाता संगठनमा आबद्ध व्यवसायी आन्दोलित थिए । उद्योगी व्यवसायीहरुले बैंक तथा वित्तीय समस्या संघर्ष समिति बनाएर पछिल्लो समय काठमाडौं उपत्यका लगायत देशभर आन्दोलन गर्दै आइरहेका थिए ।

# रेखा थापासँग फिल्म गर्न लागेकी पूजा भन्छिन्, 'सपना जस्तो लाग्दैछ'

काठमाडौं/एक समयकी 'नम्बर वान नायिका' रेखा थापा तीन वर्षपछि पर्दामा फर्किने प्रयासमा छिन् । आगामी बैशाखबाट छायांकन सुरु हुन लागेको फिल्मका लागि अहिले उनी कलाकार छनोटमा व्यस्त छिन् । उनकै निर्माण तथा मुख्य भूमिका रहने फिल्ममा सोमबार अभिनेत्री पूजा शर्मा अनुबन्ध भएकी छन् । निर्देशक ज्ञानेन्द्र देउजालाई साक्षी राख्दै रेखाले पूजासँग कागजी सम्झौता गरेकी हुन् ।

फिल्ममा काम गर्ने सम्झौता गरेपछि पूजाले फेसबुक र इन्स्टाग्राममा रेखा थापासँग एउटै पर्दामा देखिनु आफ्नो लागि सपना जस्तो रहेको बताएकी छन् । रेखा थापा जस्तै बन्ने सपना बोकेर आफू फिल्म क्षेत्रमा आएको उल्लेख गर्दै उनले लेखेकी छन्, 'आफ्नो बेस्ट नायिकासँग पर्दा शेयर गर्न पाउँदा हर्षित छु । रेखा दिदीको साथमा नयाँ फिल्ममा काम गर्दा धेरै कुरा सिक्नेछु भन्ने लागेको छ ।'

निर्देशक ज्ञानेन्द्र देउजाको निर्देशन र व्यवहारबाट आफू सधैं प्रभावित रहेको पनि उनले उल्लेख गरेकी छन् । 'प्रिय, ज्ञानेन्द्र दाइको निर्देशनमा रेखा दिदीसँग एउटै पर्दामा देखिनु मेरा लागि कहीं कतै सपना नै हो कि जस्तो पनि लाग्दैछ । तर, फिल्म क्षेत्रमा आएर केही फिल्म गर्दै गर्दा दर्शकले मलाई अथाहा प्रेम दिनुभएको छ । तर, यो फिल्म मेरा लागि सधैं विशेष हुनेछ,' उनले लेखेकी छन् । नाम नजुरिसकेको फिल्ममा रेखा र पूजासँगै आँचल शर्माको पनि अभिनय रहनेछ । आँचलसँग रेखाको मौखिक सहमति भैसकेको छ । केही दिनमा कागजी सम्झौता हुनसक्ने जानकारी प्राप्त छ । रंगकर्मी सुलक्षण भारतीको लेखन रहेको फिल्म महिला प्रधान रहने निर्देशक देउजाले बताएका छन् ।

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

## थाहामा रोजगार कार्यक्रमः

# फेरिए गाउँ, हट्यो दुःख

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको वडा नम्बर ५ मा दर्जनभन्दा बढी सडक खुलेका छन् ।

सडक खुले पनि नालीको समस्याले हरेक वर्षायाम दुखद बनिरहेको थियो । नगरपलिकाको विकट मानिने वडामा जसोतसो सडक खनियो तरपनि त्यसैमाथि पानी बग्दा मोटर गुड्नु त के, मानिसलाई पनि हिँड्न सास्ती थियो । वडाको यो दुःख प्रधानमन्त्री रोजगार कार्यक्रमले सुखमा बदलिदिएको छ । वडाका ३० जना बेरोजगार व्यक्तिले १०० दिन लगाएर वडा नम्बर ५ को झम्केश्वरी-फुर्केवसन्त-डाँडागाउँ-सिरानघर-मयलभन्ज्याङ सडक, वडा कार्यालय-दुर्गादेवी आधारभूत विद्यालय-तसर सडक र वडा कार्यालय-सानोफाकल-केराघारी टोल सडक मर्मत गरेका छन् । वडा अध्यक्ष विष्णुबहादुर गुरुङका अनुसार बेरोजगार श्रमिकहरुले ती सडकको नाली खन्ने, खाल्डाखुल्डी पुर्ने, सफा गर्ने, पहिरो पन्छाउने जस्ता काम गरेका हुन् ।

अहिले सडक 'क्लियर' भएपछि ती सडकमा साना-ठूला सवारी चल्न थालेका छन् । 'पहिले मोटरसाइकल, स्कुटर लैजान पनि अप्ठेरो हुन्थ्यो, अहिले त सामान ढुवानी गर्ने गाडीसमेत मज्जाले चल्छ,' झम्केश्वरी-फुर्केवसन्त-डाँडागाउँ-सिरानघर-मयलभन्ज्याङ सडकको पहिलेको दुःख सम्झँदै उपभोक्ता सुकदेव बिडारीले भने । थाहा नगपालिका रोजगार सेवा केन्द्रका प्राविधिक सहायक सुमन गोपालीका अनुसार वडा नम्बर ५ मा बेरोजगार व्यक्तिले ४४ किलोमिटर सडक मर्मत गरेर सजिलै मोटर गुड्न सक्ने बनाएका छन् ।



गाउँको सडकमा मोटर गुड्ने भएपछि गाउँलेलाई निकै सुविस्ता भएको छ । 'प्रधानमन्त्री रोजगार कार्यक्रम नभएको भए झम्केश्वरी बाटोमा अहिलेसम्म मोटर साइकल गुड्न सक्ने थिएन, वडा कार्यालय नजिकैको सडकमा पहिरो पन्छिने पनि थिएन,' स्थानीय बाबु लामाले भने- 'बेरोजगारलाई रोजगारी मिल्यो, वडाबासीलाई सुविधा ।,' थाहा नगरपालिकाको वडा नम्बर ५ मा चालु आर्थिक वर्षका लागि गत वर्ष ६० जना बेरोजगार व्यक्तिले फाराम भरेका थिए । उनीहरुमध्ये प्राथमिकता क्रममा रहेका ३० जनाले न्यूनतम रोजगारी पाएका हुन् । उनीहरुको न्यूनतम रोजगारीको लागि वडा कार्यालयले सडक मर्मत् आयोजना छनोट गरेको थियो ।

छनोटमा परेका बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान गरेर पारिश्रमिक भुक्तानसमेत भइसकेको थाहा नगरपालिकाका रोजगार संयोजक कुमार नेगीले बताए । नेगीका अनुसार यस वर्ष थाहा नगरपालिकामा ४५ जना बेरोजगारहरुका लागि संघीय सशर्त अनुदान आएको छ । ४५ मध्ये ३४ जनालाई पारिश्रमिकमा आधारित आयोजनाहरुमा खटाएर रकम भुक्तान गरिसकेको र बाँकीले काम गरिरहेको रोजगार सेवा केन्द्रले जनाएको छ । ३४ मध्ये वडा नम्बर ४ मा १ जनाले र वडा नम्बर २ मा ३ जनाले सामुदायिक आयोजनामा काम गरेर न्यूनतम रोजगारी पाएका छन् । वडा नम्बर ४ मा १ जना बेरोजगारले नयाँगाउँस्थित गणेशढुंगा जाने बाटो खनेका छन् ।

पर्यटकीय क्षेत्र भएर पनि यात्रीलाई पैदलमा समस्या भएपछि वडा कार्यालयले गणेश ढुंगा पदमार्ग मर्मत तथा सुधार आयोजना छनोट गरेको थियो । अहिले त्रिभुवन राजपथको सुनगाभा होटलबाट बेरोजगार व्यक्तिले निर्माण गरेको सिँढी चढेर सजिलै गणेश ढुंगा पुग्न सकिने थाहा नगरपालिकाका रोजगार सहायक विरजकुमार भुजेलले बताए । थाहाको वडा नम्बर २ गैरीगाउँमा भने बेरोजगारहरुले गोरेटो बाटो मर्मत् गरेका छन् । एक जना व्यक्ति हिड्न पनि अप्ठेरो गोरेटोलाई चौडा पारेर सुविस्ताले हिँड्न सक्ने बनाइएको छ । बेरोजगारहरुले हाते औजारको प्रयोग गरेर मर्मत गरेको गोरेटोको केही भागमा वडा कार्यालयको बजेटबाट सिमेन्ट, बालुवा र गिट्टीको प्रयोग गरेर पक्की बनाइएको छ ।

उक्त गोरेटोबाट ऐतिहासिक पर्यटकीय क्षेत्र आकाशदेवी पुग्न र स्थानीय बासिन्दालाई जंगल जानसमेत सजिलो भएको वडा सदस्य युवराज विष्टले बताए । वडा नम्बर २ कै भोटखोरियामा भने एक जना बेरोजगार व्यक्तिले सामुदायिक भवन नै निर्माण गरेका छन् । वडा कार्यालयसँगको सहकार्यमा अन्य दक्ष तथा अदक्ष कामदारसँगै रोजगार सेवा केन्द्रले एक जना बेरोजगार व्यक्तिलाई खटाएको हो । बेरोजगार व्यक्तिको भुक्तानी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हुने र अन्य खर्च वडा कार्यालयबाट हुने वडा अध्यक्ष बमबहादुर सिन्तानले बताए । सिन्तानका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको सहकार्यमा वडा नम्बर २ को देउरालीमा करिब डेढ सय मिटर लामो गोरेटोमा सिँढी बनाएर स्लाब ढलान गरिएको छ ।

थाहा नगरपालिकाका प्रमुख बिष्णुबहादुर विष्टले नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रहेको बताए । 'बेरोजगार व्यक्तिहरुले काम र दाम दुवै पाएका छन् । थोरै बजेट र श्रमबाट हुने कामका लागि यो कार्यक्रम निकै सहयोगी भएको छ ।,' आगामी वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय तहबीच समन्वय गरेर अझ धेरै काम गर्ने उनले बताए । थाहा नगरपालिकामा यस वर्षका लागि १ सय ८ जना बेरोजगारहरुले फाराम भरेका थिए । अहिले आगामी आर्थिक वर्षमा न्यूनतम रोजगारीका लागि फाराम भर्ने काम चलिरहेको नगरपालिकाले जनाएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका अनुसार प्रत्येक वर्षको फागुन महिनामा बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन वडा कार्यालयमा आवेदन गर्नुपर्ने प्रावधान छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले बेरोजगार युवालाई सरकारको न्यूनतम रोजगारको कार्यक्रममा जोड्न र उनीहरुका लागि समुदामा आधारित योजना छनोट प्रक्रिया र आधारहरुका बारेमा जनप्रतिनिधि तथा वडा सचिवहरुलाई अभिमुखीकरण गरिएको बताए । आगामी चैत महिनाको पहिलो साता आव २०८०/०८१ का लागि बेरोजगारको सूचीलाई अन्तिम रुप दिएर रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने नगरपालिकाको रोजगार सेवा केन्द्रले जनाएको छ ।

# मकवानपुरगढीमा चैते धान लगाउन थालियो



साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/कृषि प्रधान गाउँपालिका मकवानपुरगढीमा चैते धान लगाउन सुरु गरिएको छ । मकवानपुरगढीको ६ नम्बर वडाको डुम्रेकुना, ३ नम्बर वडाको धमिले र ५ नम्बर वडाको धादिङ फाँटमा चैते धान लगाउन सुरु भएको हो ।

गाउँपालिकाको ८ वटा वडाका खेतियोग्य क्षेत्रमध्ये डुम्रेकुना, धमिले र धादिङ फाँट धान उत्पादनको पकेट क्षेत्र हो । हिउँदे वर्षा नहुँदा चैते धान लगाउन पनि किसानहरुलाई समस्या परिरहेको छ । हिउँदमा खोला, खोल्सी, कुलो सुक्ने भएकाले सहज सिचाईं सुविधा नपुगेको स्थानका किसानहरु समस्यामा परेका छन् । मकवानपुरगढीमा चैते धान लगाउन सुरु गरिएको र विगतका वर्षमा भन्दा धान रोपाई कमी हुने गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । उनले चैतमा लगाएको धान असारमा पाक्ने हुँदा असारे वर्षाले धानमा क्षति हुने र पानीले भिजेपछि बिक्रीसमेत नहुने समस्याले चैते धान रोपाई घटेको बताए । अघिल्ला वर्ष मकवानपुरगढीको ५० हेक्टर क्षेत्रफलमा चैते धान रोपाई हुने गरेको थियो ।

यसवर्ष करिब ४० हेक्टरमा मात्रै चैते धान रोपाई हुने चौधरीको भनाई छ । किसानहरु चैते धान भन्दा मकै खेतीतर्फ आकर्षित भएको बताए । चैते धानमा जोखिम बढेको र मकै खेतीमा झन्झन पनि नहुने भएकाले किसानहरुले मकै खेतीमा जोड दिएको चौधरी बताउँछन् । मकैमा किसानहरुले राम्रो आम्दानी समेत गरिरहेको कृषि शाखा प्रमुख चौधरीले जानकारी दिए ।

# ओभरलोड बोकेका टिपर नियन्त्रणमा लिन रास्वपाको माग

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडास्थित शिवम् सिमेन्ट र ऋद्धिसिद्धि सिमेन्ट उद्योगमा चुनढुंगा ओसारपसार गर्ने टिपरहरुले आतंक मच्चाएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सुरक्षा निकायलाई सचेत गराएको छ ।

जिल्लाका ग्रमिण भेगदेखि हेटौंडा बजारमा ओभरलोड चुनढुंगा बोकेर सडकमा असुरक्षा बढाउने कार्य टिपरहरुले गरिरहेको भन्दै कानुनी कारबाही गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला ट्राफिक कार्यालयमा रास्वपा जिल्ला समितिले ध्यानाकर्षण गराएको हो । रास्वपाले मंगलबार बिहान हेटौंडा-११ थानाभन्याङस्थित ट्राफिक प्रहरी कार्यालय अगाडि ओभरलोड बोक्ने टिपरहरु रोक्ने कार्यक्रमसँगै प्रहरीलाई कानुनी कारबाही गर्न दबाब दिएको थियो । तर, टिपरहरु निर्वाध रुपमा ओभरलोड बोकेर हिँडिरहेको नियमनकारी निकायले चासो नदिएको भन्दै रास्वपाले जिल्ला प्रशासन र ट्राफिक प्रहरी कार्यालयलाई ज्ञापन पत्र बुझाएको छ ।



पूर्व-पश्चिम राजमार्ग, त्रिभुवन राजपथ, कन्तिलोकपथ अन्तर्गतका सडकहरुमा चुनढुंगा बोकेका टिपरहरुले आफ्नो क्षमता भन्दा पनि बढी ओभरलोड बोकेर हिँडिरहेको रास्वपाले जनाएको छ । रास्वपाले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय प्रमुखलाई टिपरहरु निर्वाध ओभरलोड बोकेर हिँडिरहेको विषयमा मौखिक जानकारी गराइसकेपछि पनि नियमन नभएको पार्टी जिल्ला सहसंयोजक प्रकाश गौतमले जनाएका छन् । ओभरलोड बोकेका गाडिहरु रोकिने सरोकारवालाहरुको प्रतिबद्धतापछि पनि मंगलबार १० बजे टिपर रोकेर १ बजेपछि पुनः निर्वाध चल्न दिएको रास्वपाले ज्ञापन पत्रमा उल्लेख गरेको छ । रास्वपाले ओभरलोड बोक्ने टिपरलाई तत्काल कानुन बमोजिम कारबाही गर्न माग गरेको छ ।

# हेटौंडामा बैंकविरुद्धको...

फागुन ३० गते हेटौंडाका बैंकहरु बन्द आह्वान गरी विरोधको सात दिनको कार्यक्रम समापन गरिएको मउवा संघका कार्यबाहक अध्यक्ष अनिल अग्रवालले बताए । मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोद सिंह रानाभाटले आन्दोलन कार्यक्रमको संयोजन गरेका थिए ।

मकवानपुर उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अग्रवालले आन्दोलनले अपेक्षा गरेअनुरुप माग पूरा नभएकाले थप आन्दोलन आवश्यक रहेको बताए । देहत्याग गरेका व्यवसायी झलक विक्रम शाहको चिरशान्तिको कामना गर्दै मंगलबार साझ हेटौंडाको बुद्धचोकमा दीप प्रज्वलन तथा मौनधारणसहित चर्को बैंक ब्याजको विरुद्धमा सात दिनको विरोध कार्यक्रम पनि समापन गरिएको थियो ।

हेटौंडा-९ घर भएका शाहले बैंकले किस्ता तिर्न दबाब दिएर मानसिक तनाव दिएपछि आत्महत्या गरेको जनाइएको छ । समापन कार्यक्रममा निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेल, नारायणी यातायात व्यवसायी संघका महासचिव सरोज खनाल र मकवानपुर उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अनिल अग्रवालले चर्को बैंक ब्याज र दबाबको कारण व्यवसायी झलक विक्रम शाहले देहत्याग गर्नुपरेको बताए ।

उनीहरुले चर्को बैंक ब्याज विरुद्धको सात दिने विरोध कार्यक्रम सम्पन्न भए पनि आगामी दिनलाई हेरेर थप विरोधका कार्यक्रमहरु आवश्यक हुनसक्ने र त्यसका लागि सबै तयार हुनुपर्नेमा जोड दिए ।

सात दिने विरोध कार्यक्रमका संयोजक तथा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष रानाभाटले नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट नेपाल सरकार संग चर्को बैंकव्याजको विषयमा संवाद भएको र समस्या समाधानको लागि आश्वासन प्राप्त भएको बताएका छन् ।

# हेटौंडामा विद्युतीय तार भूमिगत गर्ने, चारवटा शौचालय बनाउने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ व्यवस्थित सहर निर्माणको अभियानमा जुटेको हेटौंडा उपमहानगरपालिकाले बजार क्षेत्रमा असरल्ल रहेका विद्युतीय तार भूमिगत गर्ने भएको छ ।

जथाभावी खुला रुपमा देखिएका विद्युतीय तारका कारण बजार क्षेत्रको सौन्दर्यमा कमि आएको भन्दै उपमहानगरले मुख्य बजार क्षेत्रका तारहरुलाई भूमिगत गर्ने निर्णय गरेको छ । मंगलबार बसेको उपमहानगरको २० औं कार्यपालिका बैठकले हेटौंडाको मुख्य बजार क्षेत्रको रुपमा रहेको १, २, ४, १० र ५ को केही भागका पोलमा रहेको तारलाई भूमिगत गर्ने निर्णय भएको हो । तार व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणलाई कार्यपालिकाको बैठकको निर्णयसँगै सिफारीस पत्र पठाउने तयारी भएको उपमहानगरले जनाएको छ ।

बैठकले हेटौंडा उपमहानगरलाई उज्यालो सहरको रुपमा विकास गर्नका लागि नगरका विभिन्न ठाउँमा 'हाइ मास्ट लाइट' राख्ने निर्णय गरेको छ । उपमहानगरका १९ वटै वडालाई लक्षित गर्दै लाइटको व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणसँग छलफल भइरहेको जनाएको छ । बजारसहित नगरका सबै वडालाई समेटेर लाइटको व्यवस्थापनका लाग्ने निर्णय भएको उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले जानकारी दिइन् । 'पहिले बजार केन्द्रित व्यवस्थापनको कुरा गरिएको थियो तर अहिले नगरका सबै वडामा आवश्यकता अनुसार लाईट राख्ने तयारी गरेका छौं,' उनले भनिन् । लाइट राख्ने ठाउँ र संख्या बारे अध्ययन भइरहेको छ ।

लाइटका लागि विद्युत प्राधिकरणसँग सामान्य सहमति बनिसकेको बताइएको छ । सहमति अनुसार ४० प्रतिशत अनुदान प्राधिकरणले दिने छ भने ६० प्रतिशत लगानी उपमहानगरले गर्ने भएको छ । पहिलो चरणमा उपमहानगरले हाइ मास्ट लाइटका लागि ६० लाख रुपियाँ बजेट छुट्याएको सहरी पुर्वाधार विकास महाशाखाका प्रमुख सत्यनारायण शाहले जानकारी दिए । पहिलो चरणमा २५ वटा १० देखि १६ मिटर उचाई भएका लाइटको माग गर्ने तयारी उपमहानगरले गरेको उनले बताए ।

कार्यपालिका बैठकले उपमहानगर प्रवेशको ४ स्थानमा सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरेको छ । बैठकले नगरको पुर्वमा १८, पश्चिममा १९, दक्षिणमा १५ र उत्तरमा १ नम्बर वडा क्षेत्रको पायक पर्ने स्थानमा आवतजावत गर्नेका लागि सहज हुने गरी शौचालय निर्माण गर्ने निर्णय गरेको हो । त्यस्तै न्यून आय भएका गरिब तथा विपन्न परिवारका ६ सय ६३ जनाको निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय गरेको छ । नगरस्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट समितिले २०७९ फागुन ११ गते गरेको निर्णयबाट भएको सिफारिस अनुसार उनीहरुको स्वास्थ्य बीमा गरिने निर्णय भएको उपमहानगरका प्रवक्तासमेत रहेका १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले बताए ।

# पानी माग्दै पालुङमा....


थाहाका माथिल्ला क्षेत्रहरुमा पानी परेपछि चैते रोपाइ समेत गरिन्छ । तर, पानी परेन भने रोपाई हुन सक्दैन । कृषिमा प्रविधिको प्रयोग बढ्दै जाँदा किसानाई सुविधा पुगेपनि सिँचाई, मल, बीउ र कृषिका लागि जनशक्तिको भने अभाव देखिँदै आएको छ ।

सहज सिंचाई सुविधा नभएपछि किसानलाई आकाशे पानीमा भरपर्नुपर्ने बाध्यता छ । खेतीयोग्य जमिनमा सिंचाइको सुविधा नहुँदा र आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता रहेको ठाउँमा यसपाली हिउँदे वर्षात् नभएकाले किसानको आम्दानी घट्ने अवस्थाले किसानलाई चिन्तित बनाएको स्थानीय हरिकृष्ण कार्की बताउँछन् ।

पाथीभारा मन्दिरमा जलधारा पूजाकै अवसरमा मन्दिर प्रांगणमा राखिएको ६० किलो बराबरको त्रिशुल र ९० किलो बराबरको घण्टाको प्राणप्रतिष्ठासहित पूजा गरिएको मन्दिर संरक्षण समितिका अध्यक्ष कार्कीले जानकारी दिए ।

पूजामा मन्दिरका लागि सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको मन्दिरका अध्यक्ष कार्कीले बताए । पाथीभरामा प्रत्येक वर्ष दीपावलीको अवसरमा लक्ष्मीपूजाको दिन, साउने सोमबार तथा अन्य बेलामा समेत नियमित पूजाआजा हुँदै आएको छ । उनीहरु प्रत्येक वर्ष घरमा दीपावली गर्दा पहिले यही मन्दिरमा गरिएको दीपप्रज्वलन ननिभाई घर घरमा प्रवेश गराएपछि मात्र दीपावली गर्ने ऐतिहासिक चलन छ ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना